**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - १२**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ जेठ १३ गते सोमबार**

---

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको बाह्रौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **विहान ११:४५ बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई "आ.व. २०७५/७६ को आर्थिक सर्वेक्षण" सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्याललाई "गुठी विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "गुठी विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त छलफलमा भाग लिन चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

१. मा. दिल कुमारी रावल थापा (पार्वती)
२. मा. उदया शर्मा/पौड्याल
३. मा. ठगेन्द्र प्रकाश पुरी
४. मा. अनिता देवकोटा
५. मा. जीवन बुढा
६. मा. राधेश्याम अधिकारी
७. मा. रमेशप्रसाद यादव

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्याललाई छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "गुठी विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "गुठी विधेयक, २०७५" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरुले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखा, सिंहदरबारमा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले दिनको १२:३५ बजे १५ मिनेटको लागि बैठक स्थगित भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले दिनको १२:५० बजे सभाको स्थगित बैठक प्रारम्भ भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय गृहमन्त्री रामबहादुर थापा**ले सार्वजनिक महत्वका विषयमा बोल्न समय माग गर्नु भएको जानकारी गराउँदै वहाँलाई आफ्ना भनाइ राख्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय गृहमन्त्री रामबहादुर थापाले** सभा समक्ष दिनु भएको सार्वजनिक महत्वको विषयमा केन्द्रित रही स्पष्टिकरण माग गर्नुहुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई राष्ट्रिय सभा नियमावलीको नियम १९२ को उपनियम २ बमोजिम आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. जितेन्द्र नारायणदेव
२. मा. बद्रीप्रसाद पाण्डे
३. मा. रमेशप्रसाद यादव
४. मा. प्रकाश पन्थ
५. मा. तारादेवी भट्ट
६. मा. अनिता देवकोटा
७. मा. धनकुमारी खतिवडा

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले उठाउनु भएका जिज्ञासाका सम्बन्धमा स्पष्ट पार्न माननीय गृहमन्त्री रामबहादुर थापालाई समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकाललाई "संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकाललाई "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्रीबाट नेपालको संविधानको धारा ११९ बमोजिम आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको अनुमान मिति २०७६ जेठ १५ गते बुधबार अपरान्ह ४:०० बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा पेश गर्ने कार्यक्रम भएकोले राष्ट्रिय सभाका सम्पूर्ण माननीय सदस्यहरूलाई उक्त दिन दिनको ३:४५ बजे अगावै प्रतिनिधि सभा बैठक कक्षमा उपस्थित हुनु भई आ-आफ्नो आसन ग्रहण गरिसक्नु हुन अनुरोध गर्नुभयो ।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् **२०७६ साल जेठ १५ गते बुधबार अपरान्ह ६:०० बजे** बस्ने गरी दिनको १:२५ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव